म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ३३३ २०८१ कार्तिक २५ गते आइतबार 10 November 2024, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

जुवातासले गर्छ सर्वनाश

जुवातासको लतले,

- पारिवारीक कलह, भैं–भगडा हुने गर्छ,
- सामाजिक तथा पारिवारीक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
- सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
- सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ,
- पारिवारीक बिखण्डनको सम्भावना बढ्छ,
- सन्ततिहरु समेत कुलतमा फस्ने सम्भावना हुन्छ,
- सामाजिक प्रतिष्ठामा आँच आउँछ,

त्यसैले सम्पत्ति हारजित हुने जुवा लगायतका खेल नखेलौं, परिश्रममा विश्वास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## "म थाकेको छैन, थाक्ने छैन": प्रचण्ड



थाहा नगरमा प्रचण्डलाई स्वागत गर्दै स्थानीय नेता, कार्यकर्ता ।

समाज संवाददाता

हेटौंडाः नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले आफू नथाकेको र नथाक्ने बताउनुभएको छ । शनिबार मकवानपुर जिल्लाको उत्तरी क्षेत्र थाहा नगरपालिकामा आयोजित योङ्ग कम्युनिष्ट लिग (वाइसीएल) को नगर अधिवेशनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै पूर्वप्रधानमन्त्री समेत रहनुभएका प्रचण्डले आफू विरुद्ध भएको षड्यन्त्रका बारेमा आफू जानकार रहेको उल्लेख गर्नुभयो ।

आफू थाकेको नभई नयाँ क्रान्तिका लागि तयार रहेको समेत प्रचण्डले उद्घोष गर्नुभयो । नयाँ आत्मविश्वासका साथ नेकपा माओवादी केन्द्र अगाडि बढ्नुपर्ने उल्लेख गर्नुहुँदै उहाँले नेकपा माओवादी नयाँ आदोलनमा जानुपर्ने स्पष्ट पार्नुभयो । "जबसम्म प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुँदैन, र त्यो कार्यकारी प्रमुखले ५ वर्ष शासन गर्न पाउँदैन स्थीरता हुँदैन, बेथितिको अन्त्य हुँदैन । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको नारासहित सबै उत्पीडित जाति, वर्ग, क्षेत्र, समुदाय, लिंगलाई आन्दोलित गर्ने हिसाबले एउटा नयाँ संकल्पसहित जाने तयारीमा छौं" प्रचण्डले भन्नुभयो ।

फेरि नयाँ आन्दोलन, क्रान्तिको नेतृत्व गर्नैपर्छ भन्ने संकल्प गरेको उहाँले बताउनुभयो । नागरिक समाज र वुद्धिजीवीले विकृतिको अन्त्य गर्ने गरी आन्दोलनको नेतृत्व गर्न भनेको प्रचण्डले बताउनुभयो । भ्रष्टाचार र वेथितिका विरुद्ध आन्दोलनको नेतृत्व गर्न तयार रहेको प्रचण्डले बताउनुभयो । पचासौं पटक माओवादी सकियो, प्रचण्ड सकियो भनेर घोषणा गरेको बताउनुहुँदै प्रचण्डले भन्नुभयो, "प्रचण्डको अवसान भइसक्यो, प्रचण्ड फर्केर आउँदैन भनेर उल्टापुल्टा लेखिरहेका छन् । मैले भनेको छु, प्रचण्ड र माओवादी मर्दैन । प्रचण्ड र माओवादी जिउँदैछ । प्रचण्ड फेरि एक पटक नयाँ क्रान्ति मार्फत तिमीहरुका सम्पूर्ण षड्यन्त्र र भ्रष्टाचारका विरुद्ध, वेथितिका विरुद्ध विजय हासिल गरेर छाड्छ भनेर घोषणा गरेको छु ।"

माओवादीले अर्को एउटा मेचि-महाकाली अभियान चलाउने जानकारी दिनुहुँदै ७५३ वटै पालिकामा खबरदारी सभा गर्ने उहाँले उद्घोष गर्नुभयो । प्रचण्डले सभामा "उनीहरुको सातो गइसकेको छ । होपलेस भइसकेको छ" भनेर उल्लेख गर्नुभए पनि उनीहरु भनेको को हो भन्ने स्पष्ट पार्नुभएन । केपी ओली नेतृत्वको सरकारले एक सय दिनमा गरेका काम आफू नेतृत्वको सरकारले गरेका कामको फेहरिस्त मात्रै प्रस्तुत भएको प्रचण्डको भनाइ थियो । "ओली सरकारले सिन्को भाँचेको छैन", प्रचण्डले भन्नुभयो, "अन्तर्राष्ट्रिय मञ्चमा मैले सम्पूर्ण तागतसहित नेपालको प्रतिनिधित्व गरेर कुरा राखेको छु ।" आफ्नै आग्रहमा संयुक्त राष्ट्रसंघका महासचिव नेपाल आएको र आफूलाई धन्यवाद समेत भन्नुभएको प्रचण्डले दावी गर्नुभएको छ । नेपाली जनताको अधिकार स्थापित गर्न माओवादी नेतृत्वको सरकारले उल्लेखनीय काम गरेको उहाँले बताउनुभयो ।

माओवादीले राम्रा काम गर्दा गर्दै दलालहरुलाई सह्य नभएको उहाँले बताउनुभयो । दलाल पुँजीपति, विचौलियाहरुको सेटिङ आफू नेतृत्वको सरकार भत्काइदिएको र अहिलेको सरकार ओली र देउवाले मिलेर बनाएको नभई दलाल, पुँजीपति र विचौलियाले बनाएको प्रचण्डको दावी छ । प्रचण्ड नेतृत्वको सरकारले हामीलाई सिध्याउने भयो भनेपछि काँग्रेस र एमाले मिलेको प्रचण्डको जीकिर छ । वर्तमान सरकारप्रति जनताको आक्रोश बढेको प्रचण्डले बताउनुभयो ।

बाढी पहिरो आउँदा सरकार छ छैन समेत थाहा नपाएको दावी गर्नुहुँदै बाढी पहिरोका बेलामा आफूले सर्वदलीय बैठक बोलाएको थाहा पाएपछि बल्ल सरकारले सर्वदलीय बैठक बोलाउन बाध्य भएको उहाँको भनाइ छ । अहिले जनताले विकल्पको खोजी गरेको र माओवादी नेतृत्वप्रति, प्रचण्डप्रति जनताले आशा बढेको उहाँले बताउनुभयो ।

देशलाई माया गर्ने, जनतालाई अधिकारसम्पन्न गराउन माओवादीको भूमिकालाई जनताले बुझ्न थालेको महसुस आफूले गरेको प्रचण्डले बताउनुभयो । प्रचण्डले आफू नेतृत्वको सरकारले उल्लेखनीय कार्य गरेको समेत बताउनुभएको छ ।

## परिस्थिति सहज बन्दै गएको छः प्रधानमन्त्री ओली

काठमाडौंः प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार सञ्चालनमा परिस्थिति थप सहज बन्दै गएको बताएका छन् । केन्द्रीय मूख्यालय च्यासलमा शनिबार बसेको ४० औं सचिवालय बैठकमा प्रधानमन्त्री ओलीले सत्ता साझेदार नेपाली कांग्रेससँगको समन्वय ठीक तरिकाले हुँदा सरकार सञ्चालन सहज बनेको ब्रिफिङ गरेका हुन् ।

'समन्वय राम्रो भइरहेको छ । अझ राम्रो परिस्थिति बनाउन कांग्रेस र हाम्रो संयन्त्र बनाएका हौं', प्रधानमन्त्रीको भनाइ उद्घृत गर्दै एक नेताले भने । कांग्रेस र एमाले नेताहरु सम्मिलित राजनीतिक संयन्त्रले सरकार सञ्चालनमा सहजीकरण गर्ने प्रधानमन्त्री एवं अध्यक्ष ओलीले बताएका छन् । 'कांग्रेससँग मिलेर बनेको सरकारले काम गर्ने परिस्थिति सहज बनिरहेको छ । हामी मुलुकको हितमा काम गरिरहेका छौं', ओलीले बैठकमा भनेका थिए । सरकार सञ्चालनमा अप्ठ्यारो अवस्था आउने वातावरण बनाउन नहुने पनि ओलीले बताएका छन् ।

अन्तर्राष्ट्रिय परिस्थिति पनि अनुकुल बन्दै गएको प्रधानमन्त्री ओलीले बताएका छन् । 'चिन्ता गर्नुपर्ने केही छैन, अन्तर्राष्ट्रिय परिस्थिति समेत अनुकुल बन्दै गएको छ', प्रधानमन्त्रीले भने । प्रधानमन्त्री ओलीले आगामी १७



प्रधानमन्त्री केपी शर्मा ओली ।

मंसिरदेखि हुने चार दिने चीन भ्रमणबारे पनि संक्षेपमा जानकारी गराएका थिए । उपमहासचिव प्रदीपकुमार ज्ञवालीका अनुसार यो भ्रमणमा चीनसँग यसअघि भएका सम्झौता कार्यान्वयनमै जोड दिइनेछ । 'यसपटक छोटो भ्रमण हुन्छ । चिनियाँ राष्ट्रपति नेपाल आउँदा भएका समझदारी र नेपालका राष्ट्रपति र प्रधानमन्त्रीहरुले गरेको भ्रमणमा भएको समझदारी कार्यान्वयनमा जोड दिइनेछ', बैठकपछि ज्ञवालीले भनेका छन् ।

बैठकमा ओलीले आफ्नो पहिलो भ्रमण चीनबाट हुँदा अर्को छिमेकी भारतसँग सम्बन्ध ठीक नरहेको बुझ्न नहुने तर्क गरेका थिए । 'नाकाबन्दीका बेला हामीले अलिक अडान लियौं । भारत रिसायो, खासमा त्यसबेला पनि रिसाउनुपर्ने कारण थिएन', ओलीले भने, 'यो सरकार सन्तुलित परराष्ट्र सम्बन्धका आधारमा अगाडि बढ्छ ।'

प्रधानमन्त्री ओली चीन भ्रमणमा निस्कनुअघि पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल नेतृत्वको टोलीले भ्रमण गर्ने जानकारी पनि दिइएको छ । 'चिनियाँ कम्युनिष्ट पार्टीकै निमन्त्रणमा २६ कात्तिकदेखि १० दिनसम्म ईश्वर कमरेडको नेतृत्व टोलीले चीन भ्रमण गर्नु हुने भएको छ' बैठकमा सहभागी एक पदाधिकारीले भने, 'प्रधानमन्त्रीले यो दुईवटा भ्रमणले सम्बन्ध विकासमै सहयोग पुग्ने बताउनुभउको छ ।'

ओलीले अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्प आएपछि विकसित अन्तर्राष्ट्रिय परिस्थितिबारे पनि बोलेका छन् । एक पदाधिकारीका अनुसार प्रधानमन्त्री ओलीले ट्रम्पको पुनरागमनबाट विश्वलाई लाभ नै पुग्ने ब्रिफिङ गरे । 'अरुको देशमा सैनिक नराख्ने र हतियारमा लगानी नगर्ने कुरा ट्रम्पले गरेका छन् । उनले आफ्नै देश बनाउन लाग्ने भनेकाले यसलाई राम्रै मान्नुपर्छ', प्रधानमन्त्री ओलीले बैठकमा भनेका छन् । *(स्रोत: अनलाइनखबर)*

### रूस-युक्रेन मामला

## अमेरिकाले शान्ति स्थापनामा जोड दिने

वासिङटनः नवनिर्वाचित अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका वरिष्ठ सल्लाहकारले आगामी प्रशासनले रुससँगको युद्धमा युक्रेनले गुमाएका भूभाग फिर्ताभन्दा शान्ति हासिल गर्नमा ध्यान दिने बताएका छन् ।

रिपब्लिकन पार्टीका रणनीतिकार ब्रायन लान्जाले ट्रम्प प्रशासनले युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीलाई 'शान्तिका लागि यथार्थपरक दृष्टिकोण' बारे आग्रह गर्ने बीबीसीसँग बताएका छन् । 'यदि युक्रेनी राष्ट्रपति जेलेन्स्कीले क्राइमिया फिर्ता भएको खण्डमा मात्र शान्ति स्थापना हुनसक्छ भन्छन् भने उनी शान्तिका लागि गम्भीर छैनन् भन्ने देखिन्छ,' लान्जाले भने ।

रुसले २०१४ मा क्राइमिया प्रायद्वीपलाई गाभेको थियो । त्यसको ८ वर्षपछि रुसले युक्रेनमा पूर्ण मात्राको आक्रमण सुरु गरेको हो । राष्ट्रपतिमा



फाईल तस्वीर ।

निर्वाचित भइसकेपछि ट्रम्पले युक्रेनी राष्ट्रपति जेलेन्स्कीसँग कुरा गरिसकेका छन् । टेलिफोन वार्ताका क्रममा जेलेन्स्कीले अमेरिकी अर्बपति इलन मस्कसँग पनि कुराकानी गरेका थिए ।

युक्रेनी राष्ट्रपति कार्यालयका अनुसार जेलेन्स्कीले मस्कसँग छोटो कुराकानी गरेका थिए । तर ट्रम्पसँग भने करिब आधा घण्टा कुराकानी भएको कार्यालयले जनाएको छ । 'यो वास्तवमै धेरै महत्वपूर्ण विषयमा कुरा गर्नका लागि थिएन, तर समग्रमा यो धेरै न्यानो र रमाइलो कुराकानी भएको थियो,' युक्रेनी राष्ट्रपति कार्यलयले बीबीसीसँग भनेको छ ।

ट्रम्पले रुस-युक्रेन युद्ध रोक्नु आफ्नो प्राथमिकतामा रहेको बताउँदै आएका छन् । चुनावी अभियानका क्रममा उनले २४ घण्टाभित्र युद्ध रोक्ने दावी गरेका थिए । डेमोक्रेटिक दलका नेताहरूले भने ट्रम्पलाई रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग मिलेर काम गरेको आरोप लगाएका छन् । युद्धबारे ट्रम्पको दृष्टिकोण युक्रेनका लागि आत्मसमर्पणवादी र सम्पूर्ण युरोप खतरापूर्ण रहेको डेमोक्रेटहरूको दावी छ । लान्जाले पूर्वी युक्रेनका क्षेत्रहरू फिर्ताको विषयमा भने केही उल्लेख गरेका छैनन् । उनले २०२२ फेब्रुअरीमा रुसले आक्रमण गरेपछि युक्रेनलाई बाइडेन-ह्यारिस प्रशासन र युरोपेली देशहरूले गरेको सहयोग र समर्थनको पनि आलोचना गरेका छन् । *(स्रोत: इकान्तिपुर)*

हार्दिक बधाई



कल्पना श्रेष्ठ



राधा सिन्तान



सुमित्रा वाईबा

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेड (**बागमती प्रोस्कून**) को **चौथो वार्षिक साधारणसभा**बाट सर्वसम्मत उपाध्यक्षमा निर्वाचित यस जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठ, सहकारी अभियन्ताको रुपमा सम्मानित यस संघकी निवर्तमान अध्यक्ष एवम् सल्लाहकार राधा सिन्तान र उत्कृष्ट व्यवस्थापकको रुपमा सम्मानित यस संघकी व्यवस्थापक सुमित्रा वाईबालाई हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा पनि सहकारी अभियानमा उल्लेखनीय योगदान र सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुर परिवार**

**हेटौंडा, मकवानपुर**

# सम्पादकीय

## सवारी दुर्घटनाको नियति

दुर्घटना आकस्मिक घटना हो । कसैले चाहेर दुर्घटना हुँदैन । दुर्घटना दुखद् घटना पनि हो । दुर्घटना त्यस्सै हुन्न । दुर्घटना हुनका लागि केही न केही कारण हुन्छन् । दुर्घटनाका कारण ठूलो जनधनको क्षति व्यहोर्नु पर्ने बाध्यता रहन्छ । शनिबारको अंकमा समृद्ध समाज दैनिकले देशभर विभिन्न घटनामा परी एकजना विदेशी नागरिकसहित १५ जनाको मृत्यु भएको समाचार प्रकाशन गरेको थियो । जसमध्ये एउटा दुर्घटनामा ५ जना र अर्को दुर्घटनामा ४ जनाको मृत्यु भएको समाचार सार्वजनिक भएको थियो भने चितवनमा भएको अर्को दुर्घटनामा परी एकजनाको मृत्यु भएको थियो । सवारी अथवा यातायातका साधन दुर्घटनामा परी एकैदिन १० जनाको मृत्यु हुनु सामान्य विषय होइन । हरेक दिन दुर्घटनामा परी मृत्यु हुने खबर हामीले प्रकाशन गर्दै आएका छौं ।

दुर्घटनाका समाचार प्रकाशन गर्दै गर्दा हामी यसको न्यूनीकरणमा सरोकारवालाको ध्यान जाओस् भन्ने अपेक्षा राख्दछौं । हाम्रा कतिपय पाठकले कति यो मृत्युको समाचार लेखेको भनेर गुनासो समेत गरिरहनुभएको हुन्छ । तर, हामी उहाँहरुलाई घटनाका बारेमा समाचार प्रकाशन गर्दै गर्दा सरोकारवालाको ध्यानाकर्षण होस् भन्ने अपेक्षा बारे अवगत गराउने गरेका छौं । सवारीका साधनको दुर्घटनाका विभिन्न कारणहरु हुन्छन् । चालकको लापरवाही, सडक पूर्वाधारको कमजोर अवस्था, सवारी साधनको प्राविधिक गडवडी, सुरक्षा निकायको लापरवाही, कानुन कार्यान्वयनको कमजोर अवस्था र नागरिकका हेलचेक्र्याइँ सवारी दुर्घटनाका प्रमुख कारण हुन् । यी मध्ये कुन पक्ष बढी जिम्मेवार छ र दुर्घटना न्युनीकरणका लागि कसरी, के-कस्ता काम गर्न सकिन्छ भनेर सरोकारवालाले ध्यान दिन सकेको देखिन्न ।

सवारी दुर्घटनाबाट मृत्युको संख्यालाई मात्रै हेरेर डराउने, तर्सने या आगामी दिनमा के गर्ने भनेर हेरिनु पर्याप्त हुन्न । दुर्घटनामा परी घाइते तथा अंगभंग हुनेको अवस्था, भौतिक क्षति र त्यसले पार्ने बहुपक्षीय प्रभावका विषयमा पनि विश्लेषण जरुरी छ । यसरी सर्वपक्षीय विश्लेषण गर्ने हो भने यातायात वा सवारी दुर्घटनाको विषयमा सघन अध्ययन गरी जिम्मेवार भएर सवारी दुर्घटना न्यूनीकरणमा ध्यान दिनुपर्ने आवश्यकता महसुस हुन सक्ने अवस्था रहन्थ्यो होला । दुर्घटनाको विषयमा राज्यका निकाय जति गैरजिम्मेवार हुँदै शान्त रहँदै आएको छ त्यो भन्दा पनि चिन्ताको विषय नागरिक तहबाट राज्यलाई जिम्मेवार हुन प्रेरित गर्ने कार्य हुन सकेको छैन ।

नागरिक समाजको तर्फबाट सवारी तथा यातायात दुर्घटनाको सम्बन्धमा सरोकारवालालाई जिम्मेवार हुन प्रेरित गर्ने, जिम्मेवार हुन बाध्य बनाउनका लागि काम गर्नुपर्ने देखिन्छ । सवारी तथा यातायातका साधन दुर्घटनामा परी घाइते हुने व्यक्ति वा तिनका परिवारले यो मुद्दालाई उठाउने हो भने राज्यलाई अझ सशक्त दबाव रहनेछ । राज्यलाई जवाफदेही र जिम्मेवार बनाउन पीडित समूह नै सक्रिय हुँदा अझ प्रभावकारी हुने निश्चित छ । सडक पूर्वाधारको गुणस्तर कायम गर्ने, निर्माण सुरु भएका, स्तरोन्नतिको कार्य सुरु भएका योजनाको समयमै सम्पन्न गर्नेतर्फ राज्यलाई जवाफदेही बनाउने, यातायात क्षेत्रमा भएका वेथितिलाई न्यूनीकरण गर्नेतर्फ सबैको ध्यान जाने हो भने दुर्घटनाबाट हुने क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । आधुनिक समयमा अनेक प्रकारका प्रविधिको प्रयोग गरेर प्रभावकारी काम गर्न सकिने तथ्यलाई मनन् गरेर राज्यले आफ्नो जवाफदेहिता निर्वाह गर्नु नै सबैभन्दा बढी प्रभावशाली र बुद्धिमतापूर्ण हुनेछ । अन्यथा दुर्घटनाको यो नियतिले अन्ततः जोकसैलाई जहिले पनि प्रभावित गर्न सक्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

- **मेष** : आफन्तहरुबाट भने जस्तो सहयोग प्राप्त होला ।
- **वृष** : आँटेताकेका कामहरु सम्पन्न हुने समय योग छ ।
- **मिथुन** : खर्चवृद्धि र ऋणले तनाब सिर्जना होला ।
- **कर्कट** : मित्रको सहयोगले मन प्रफुल्ल हुने समय छ ।
- **सिंह** : प्रतिद्वन्द्वी सामु क्षमता प्रदर्शन हुने योग छ ।
- **कन्या** : बौद्धिक क्रियाकलापमा सरिक भइने समय योग छ ।
- **तुला** : थप जिम्मेवारी बढ्ने समय योग रहेको छ ।
- **वृश्चिक** : पराक्रम र सिद्धिमा समय व्यतित होला ।
- **धनु** : श्रमको उचित मूल्याकन हुने समय योग छ ।
- **मकर** : कानुनी समस्या र आर्थिक समस्याले सताउला ।
- **कुम्भ** : खर्चको मात्रामा अचानक वृद्धि हुने समय छ ।
- **मीन** : प्रतिस्पर्धीहरु पराजित हुने समय योग छ ।

# ट्रम्पको विजयले अन्तर्राष्ट्रिय राजनीतिमा पार्ने प्रभाव



बिशभ अधिकारी

अमेरिकाको ४७ औं राष्ट्रपतिको रुपमा ७८ वर्षीय डोनाल्ड ट्रम्प विजयी भएका छन् । ट्रम्पको विजयले रसिया-युक्रेन युद्ध, ईजरायल-लेबनान जस्ता युद्धको भविष्यबारे अर्थपूर्ण सन्देश प्रवाह गरेको छ । चुनावी दौरानमै र सिया-युक्रेन युद्ध पूर्णविराम लगाउँछु भन्ने ट्रम्प रसियासँग पनि परम्परागत मित्रवत सम्बन्ध बनाउन चाहन्छन् । ट्रम्पको विजयले विश्वव्यापी राजनीतिमा विशेषगरी युद्ध कुटनीति र सुरक्षा सम्बन्धी क्षेत्रमा नयाँ मोड आउने अनुमान गरिएको छ । ट्रम्पको "अमेरिकालाई फेरि विशाल बनाऔं (मेक अमेरिका ग्रेट अगेन)" भन्ने नाराले आम जनताको ठुलो समर्थन पाएको छ । एक कार्यकाल राष्ट्रपति भइसकेका ट्रम्पले आफ्नो पदमा रहँदा व्यापार संरक्षरणवादलाई प्राथमिकतामा राखेका थिए । फलतः यो दृष्टिकोणले अमेरिका र देशहरूबीचको व्यापार सम्बन्धमा उतार-चढाव ल्यायो ।

युरोप, एशिया र विशेषगरी चीनसँगको व्यापार युद्धले विश्व अर्थतन्त्रमा ठूलो प्रभाव पाऱ्यो । यसले विकासशील देशहरूमा निर्यातमा असर पुऱ्यायो र विश्वव्यापी व्यापार प्रणालीमा अस्थिरता ल्यायो । ट्रम्पको विदेश नीतिमा 'अमेरिकी फस्ट' को सिद्धान्तले अमेरिकालाई पहिलो प्राथमिकतामा राखेर अन्य राष्ट्रहरूसँगको सम्बन्ध पुनः परिभाषित गऱ्यो । यसले नाटो जस्ता बहुपक्षीय संगठनहरूसँग सम्बन्धलाई कमजोर बनायो र पारम्परिक गठबन्धनहरूमा त्रास उत्पन्न गरायो । अमेरिका र इरानबीचको तनावको वृद्धि र उत्तर कोरियासँगको छलफल जस्ता विषयले विश्व राजनीति तात्यो ।

ट्रम्पको प्रशासनले मध्यपूर्वमा विवादास्पद निर्णयहरू लियो । इरानसँगको आणविक सम्झौता संयुक्त व्यापक कार्ययोजनाबाट अमेरिका बाहिरिएपछि इरान-अमेरिका सम्बन्धमा तनाव उत्पन्न भयो । यसले विश्वव्यापी रूपमा नयाँ युद्धको सम्भावना बढायो र तेलको आपूर्तिमा असर पाऱ्यो । ट्रम्पले उत्तर कोरियासँगको परमाणु वार्ता र असहमतिको दौरान आक्रामक र कूटनीतिक दुवै दृष्टिकोण अपनाए । यसले कोरियाली प्रायद्वीपमा शान्तिको सम्भावना र परमाणु तनावको सन्तुलनलाई प्रभावित गऱ्यो । यसले दक्षिण एशियाली क्षेत्रका देशहरू, विशेषगरी भारत र चीनका कूटनीतिक गतिविधिहरूमा पनि परोक्ष प्रभाव पाऱ्यो । ट्रम्पको विदेश नीतिका प्रभावले विश्व राजनीतिमा महत्वपूर्ण परिवर्तन ल्याउनेछ । रुस-युक्रेनको युद्ध र ईजरायल-हमासको संघर्षजस्ता विवादमा ट्रम्पको दृष्टिकोणले ठोस परिवर्तन ल्याउने देखिन्छ । ट्रम्पको 'अमेरिका फस्ट' नीति र क्षेत्रीय समस्याहरूमा अमरिकी भूमिकाको स्वरूप पुनः परिभाषित हुने सम्भावना देखिन्छ । ट्रम्पको इतिहासलाई हेर्दा, उनले रुससँग मैत्रीपूर्ण सम्बन्ध राख्न चाहेको देखिन्छ । आफ्नो पहिलो राष्ट्रपति कार्यकालमा ट्रम्पले भ्लादिमिर पुटिनसँग नजिकको सम्बन्ध कायम गरेका थिए ।

ट्रम्पले चुनावी ऱ्यालीहरुला सम्बोधन गर्दा रुस-युक्रेन युद्ध २४ घण्टामै अन्त्य गर्ने घोषणा गरे । अहिले वर्तमानमा रुस-युक्रेन युद्धमा अमेरिकी सहयोगलाई रोक्न सक्ने प्रवल सम्भावना छ । उनले युक्रेनलाई दिइँदै आएको सैन्य सहयोग घटाउने कुरा पनि सार्वजनिक रूपमा व्यक्त गरेका छन् । यसले रुसलाई रणनीतिक रूपमा फाइदा पुऱ्याउन सक्छ । युक्रेनलाई अमेरिकी सैन्य सहायता घट्ने हो भने युक्रेनको प्रतिरक्षा क्षमतामा ह्रास आउनेछ । यो स्थिति रुसका लागि लाभदायक हुन्छ किन भन्दा यसले युरोपेली मुलुकहरूलाई थप दबावमा राख्नेछ, किनभने उनीहरूलाई युक्रेनका लागि थप सहायता दिनुपर्नेछ ।

ट्रम्पको विजयले रुसलाई अप्रत्यक्ष रूपमा मद्दत पुऱ्याउँछ भने, यसले युरोप र नाटोमा असन्तुलन ल्याउनेछ । ट्रम्पले नाटोमा अमेरिकी भूमिका पुनः समिक्षा गर्ने सम्भावना छ । उनले नाटो साझेदारहरूलाई थप आर्थिक योगदान दिन दबाव दिनेछन् । युरोपेली राष्ट्रहरूलाई आर्थिक तथा सैन्य रूपमा कमजोर पार्न सक्ने ट्रम्पको रणनीतिले रुसलाई युरोपमा थप प्रभुत्व कायम गर्न सजिलो हुनेछ ।


त्यसैगरी ट्रम्पले आफ्नो कार्यकालमा ईजरायलको कट्टर समर्थकका रूपमा चिनिएका थिए । उनले जेरुशलेमलाई ईजरायलको राजधानीको मान्यता दिएर ऐतिहासिक निर्णय गरेका थिए । अहिले उनको विजय पश्चात ईजरायल प्रतिको अमेरिकी समर्थन अझै बलियो हुनेछ । तर, ट्रम्पको यो नीतिले हमास र अरू अरब राष्ट्रहरूको मनोबल कमजोर गर्न सक्छ । मध्यपूर्वको द्वन्द्वमा अमेरिकाको स्पष्ट पक्षपाती दृष्टिकोणले क्षेत्रीय अस्थिरता थप बढाउन सक्छ । हमास र ईरानजस्ता समूहहरूले अमेरिका र ईजरायललाई थप लक्षित गर्न सक्छन् । ईरानको आणविक कार्यक्रमबारे ट्रम्पको कडा दृष्टिकोण अब पनि कायम रहन सक्छ । उनले आफ्नो कार्यकालमा ईरानसँगको आणविक सम्झौताबाट अमेरिका बाहिर निकालेका थिए । अब उनले ईरानमाथि थप प्रतिबन्ध लगाउने सम्भावना छ । ईरानले हमास र लेबनानी हिजबुल्लाहलाई सहयोग गर्दै आएको छ । यदि ट्रम्पले ईजरायललाई थप सहयोग गरे भने यो सहयोगलाई रोक्न ईरान अझ आक्रामक हुन सक्छ ।

यदि ट्रम्पको 'अमेरिका फस्ट' नीतिले व्यापकता पायो भने, यो केवल अमेरिकाको हितमा नभएर विश्व शक्तिसन्तुलनमा पनि दूरगामी प्रभाव पार्नेछ । नेपालले पनि निरन्तर विभिन्न विकास परियोजनामा अमेरिका सहायता लिँदै आएको छ । अमेरिकी सहयोग कार्यक्रम मार्फत नेपालले प्राप्त गर्ने सहायता शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारको क्षेत्रमा महत्वपूर्ण थियो । केही समयअघि मात्र नेपालले मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) परियोजना ठुलो बिरोधको बाबजुद पनि कार्यान्वयनमा ल्याएको छ ।

ट्रम्पको चीन विरोधी नीतिले नेपाललाई परोक्ष रूपमा प्रभाव पार्छ नै । नेपाल र चीनबीचको आर्थिक र रणनीतिक साझेदारीको विकास हुँदा, अमेरिकाको दृष्टिकोण र सहायता नीतिमा केही प्रभाव देखिन सक्थ्यो । यसले नेपाललाई आफ्नो कूटनीतिक सन्तुलन कायम राख्न र दुई ठूला शक्तिहरूसँगको सम्बन्ध व्यवस्थापन गर्न थप रणनीतिक सोचको आवश्यकतालाई पर्छ नै । जे होस् ट्रम्पको विजयले विश्वराजनीतिमा हलचल लिएर आउँछ । उत्पन्न युद्धले निम्त्याएको आर्थिक मन्दी, बेरोजगारीको समस्याले आहत भएका अमेरिकन जनताले ट्रम्पलाई शान्ति र स्थिरताका लागि रोजेका छन् । ट्रम्पको कार्यकालको सफलताको शुभकामनासहित हार्दिक बधाई ।

। अस्तू ।॥

# 'गणेशमान सिंह' एक शब्दचित्र



कृष्णप्रसाद भण्डारी, अधिवक्ता

### सन्दर्भः गणेशमान सिंहको जन्मजयन्ती



प्रारम्भिक जीवनः गणेशमान सिंहको जन्म पिता ज्ञानमान सिंह र माता सानुनानी श्रेष्ठ सिंहको पुत्रको रुपमा बिक्रम सम्वत् १९७२ कार्तिक २४ तदनुसार नोभेम्बर ९, १९१५ मा यटखाँ काठमाण्डौमा भएको थियो । बाल्यकालमा उनी उदण्ड, निडर, स्वाभीमानी एवम् विद्रोही स्वभावका थिए । उनको जीवन जति संघर्षमय थियो, त्यतिनै रोचक र रोमाञ्चक पनि छ । काठमाडौंको रैथाने कुलीन परिवार, दरबारको काजी खलकमा जन्मिएका र लाडप्यारमा हुर्किएका थिए नेपाली कांग्रेसका संस्थापक लौहपुरुष । उनका बुबा तथा हजुर बुबा समेतको निधन कम उमेरमै भएको थियो । गणेशमान सिंहले आइ.ए.सम्म अध्ययन गरेका थिए ।

गणेशमान सिंहकी जीवन संगिनी मंगलादेवी सिंह हुन् । उनीहरुका दुई छोरा र तीन वटी छोरी गरी पाँच सन्तानको जायजन्म भएको थियो । गणेशमानले १७ वर्षको उमेरमै मुलुकी अड्डामा बहिदारको जागीर समेत खाएका थिए । त्यसैगरी काठमाडौं जेलबाट भागेपछि कलकत्तामा पाइलट बन्ने ईच्छाबाट निर्देशित भई एयर फोर्समा भर्ना हुन लाहौर पनि पुगेकामा उचाई नपुगेपछि भर्ना हुन पाएनन् । उनले पछि सिक्किममा कृष्णबहादुर प्रधानको नाममा टाइपिष्टको नोकरी पनि गरेका थिए ।

**राजनीतिक जीवन**: गणेशमान सिंहमा राणा शासन प्रति घृणा थियो । उनी भारतका महात्मा गान्धीका विचार र भारतीय स्वतन्त्रता संग्राम तथा नेपालका शुक्रराज शास्त्रीको सामाजिक आन्दोलनबाट अत्यन्त प्रभावित थिए । भारतको कलकत्तामा अध्ययनरत रहँदादेखि नै उनमा राजनीतिक चेतनाको विस्तार भएको थियो । गणेशमान सिंह वि.सं. १९९७ (सन् १९४०) मा नेपालमा गठित पहिलो राजनीतिक संगठन नेपाल प्रजा परिषद्को संस्थापक सदस्य बनेका थिए । वि.सं. १९९७ कार्तिक २ (१९३० अक्टोबर १८) मा पर्चा वितरण गरेको पर्चा अभियोगमा गिरफ्तार भई राजकाज मुद्दामा फाँसीको सजाय भै सकेका उनलाई सर्वस्वहरणसहित आजीवन कारावासमा परिणत गरिएपछि भद्रगोल जेल चलान गरिएको थियो । कारागारमा बसेर केही नहुने महसुस गरी गणेशमान सिंह बि.सं. २००१ आषाढ ७ (तदनुसार सन् १९४४ जुन २०) मा जेलबाट फरार भई बुटवल हुँदै कलकत्ता पुगे । भारत पुगेपछि इ.सं. १९४६ अक्टोबर ४ को नेपाल अव्हानपछि गणेशमान सिंहको वी.पी.सँग कलकत्तामा पहिलो भेट भएको थियो । त्यसैगरी कृष्णप्रसाद भट्टराईसँग वनारसमा भेट भएको थियो । त्यसपछि एक कार्यक्रममा राणा शासन विरुद्धमा गणेशमान सिंहले भाषण समेत गरेका थिए । गणेशमान सिंहले महात्मा गान्धीलाई पनि २००४ भाद्र ०६ (इ.सं. १९४७ अगस्त २२) मा कलकत्तामा भेट गरेका थिए ।

गणेशमान सिंह वि.सं.२००३ (सन् १९४६) मा कृष्णबहादुर प्रधानकै नामबाट नेपाली राष्ट्रिय कांग्रेसमा प्रवेश भई पार्टीको कार्यकारी सदस्य समेत भएका थिए । उनले पार्टीको सत्याग्रह आन्दोलनमा इलाममा नेतृत्व गरेका थिए । वि.सं. २००६ साल (सन् १९४९) मा उनी भारतमा झरोवर काण्डको सिलसिलामा गिरफ्तार भई भारतको मोतिहारी जेलमा पनि परेका थिए । सशस्त्र जत्था लिएर नेपाल आएका उनलाई साथीहरु पक्राउ भएपछि नेपाल छाड्नु पऱ्यो । नेपालबाट

...बाँकी पृष्ठ ३ मा

## 'गणेशमान सिंह'...

बि.सं २००६ असोज (सन् १९५०) मा भारततर्फ फरार हुँदै गर्दा उनलाई ठोरीमा पक्राउ गरियो र सेन्ट्रल जेलमा राखियो । त्यस समयमा उनले सेन्ट्रल जेलको कठोर यातना समेत भोगे । सोही साल चैत्रमा नेपाली कांग्रेस कार्यसमितिको सदस्य निर्वाचित पनि भए । वि.सं. २००७ साल फागुनमा गठित राणा-कांग्रेस मन्त्रीमण्डलमा र सो मन्त्रीमण्डल विघटन भई मातृका प्रसाद कोइरालाको नेतृत्वमा गठित मन्त्रीमण्डल तथा वि.सं. २०१६ मा वी.पी. कोइरालाको नेतृत्वमा गठित पहिलो जननिर्वाचित मन्त्रीपरिषद्मा पनि गणेशमान सिंह मन्त्री नियुक्त भएका थिए ।

२०१७ साल पौष १ मा राजा महेन्द्रद्वारा जननिर्वाचित सरकारलाई अपदस्थ गरी संसद विघटन गरियो । यस घटनामा नेपाली कांग्रेसका अधिकांश नेता तथा कार्यकर्ताहरुलाई पक्राउ गरियो । यस काण्डमा गणेशमान सिंह पनि पक्राउ परे । यो पक्राउपछि उनले ८ वर्षसम्म सुन्दरीजल जेलमा जेल जीवन व्यतित गरे । वि.सं. २०२५ कार्तिक १४ गते जेलमुक्त भएको, एक वर्षपछि उनी भारत निर्वासित भए । उनी पनि वी.पी.सँगै राष्ट्रिय मेलमिलापको नीति लिएर २०३३ पौष १६ मा स्वदेश फिर्ता हुँदा राष्ट्रिय मेलमिलापको नीति लिएर स्वदेश फिर्ता भएका सवै व्यक्तिहरुलाई हवाई अड्डाबाटै पक्राउ गरी पुनः सुन्दरी जेलमा राखियो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दबावपछि उनी वि.सं. २०३५ आषाढ ४ मा जेलमुक्त भएका थिए । गणेशमान सिंहले "निर्वासनमा बसीरहनु भनेको हामीले मन्दविष पिएर आफ्नो अस्तित्व विसर्जन गर्नु हो, मेलमिलापको नीति बोकेर स्वदेश फर्कनु भनेको राजाको टांगमुनी छिर्नु हो । यो धर्मसंकटको त्यो बखतमा मैले चाहीं मेलमिलापको नीतिलाई एउटा प्रयोगको रुपमा मात्र लिएको हूँ", भन्नु हुन्थ्यो । राष्ट्रिय एकता तथा मेलमिलापको नीतिको मुख्य पक्ष नेपालको परिवर्तनमा विदेशीको हात रहनु हुँदैन, राष्ट्रियता र लोकतन्त्र एक-अर्काका परिपूरक हुन्, राष्ट्रियता कमजोर बनाएर लोकतन्त्रको भविष्य हुँदैन, लोकतन्त्र नभई राष्ट्रियता मजबुत हुन्न भन्ने थियो । वी.पी.को स्पष्ट नीति राष्ट्रियताको सवालमा राजासँग सहकार्य र प्रजातन्त्रको मामलामा राजासँग संघर्षको थियो ।

### गणेशमान सिंह र उनले निर्वाह गरेको जिम्मेवारी

- वि.सं. २००६ चैत्र तदनुसार सन् १९५० मार्चमा नेपाली कांग्रेस कार्यसमितिको सदस्य निर्वाचित ।
- २००७ फागुन ७ गते गठित राणा-कांग्रेस मन्त्रीपरिषद्मा उद्योग तथा बाणिज्य मन्त्री नियुक्त ।
- २००८ मार्ग १ मा गठित मात्रिका प्रसाद कोईराला मन्त्रीपरिषद्मा कृषि, पशुविकास र भुमिसुधार मन्त्री ।
- २०१६।२।१३ मा वी.पी.कोईरालाको नेतृत्वमा गठित जननिर्वाचित कांग्रेस सरकारमा मालपोत विकास, निर्माण तथा सञ्चार र नहर मन्त्री ।
- विर्ता उन्मुलन मस्यौदा समितिका संयोजक,
- २०१३ मा मुम्बईमा र २०१४ मा नेपालको शितल निवासमा भएको अफ्रो एशियाली समाजवादी सम्मेलनमा सहभागी ।

### उनको दृष्टिकोण तथा निर्वाह गरेका अन्य भूमिका

२०३७ को जनमत संग्रहको समयमा गणेशमान सिंहले पूर्वाधार खडा नगरी जनमत संग्रहमा भागलिन नहुने दृष्टिकोण व्यक्त गरेका थिए । तर उनको सो दृष्टिकोण कार्यान्वयन भएन । पार्टी जनमत संग्रहमा सहभागी भयो । अन्ततः तत्कालीन सरकारबाट जनमत संग्रहको नतिजा पञ्चायतकै पोल्टामा हाल्यो ।

यसै बीच २०३९ श्रावणमा वी.पि. कोईरालाको देहावसान भयो । तत्पश्चात गणेशमानको नेतृत्वमा २०४२ सालमा सत्याग्रह तथा वि.सं. २०४६ मा जनआन्दोलन सम्पन्न भयो । सो जनआन्दोलनकै फलस्वरुप बहुदलीय व्यवस्थाको पुनर्स्थापना पनि भयो । २०४६ सालको आन्दोलनपछि गणेशमान सिंह सर्वमान्य नेता तथा सर्वोच्च प्रजातन्त्रवादी नेता जस्ता विशेषणबाट सम्मानित भएका थिए । २०४६ सालको आन्दोलनपछि पाएको प्रधानमन्त्री पदलाई स्वेच्छाले त्यागेर आफ्ना सहयोद्धा नेपाली कांग्रेसका कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराईलाई उनले खुशीसाथ सुम्पिएका थिए । कृष्णप्रसाद भट्टराईकै नेतृत्वमा अन्तरिम मन्त्रीपरिषद् गठन भएको थियो । सोही मन्त्रीपरिषद्ले संविधान निर्माण र २०४८ को संसदीय निर्वाचन समेत सम्पन्न गऱ्यो । सो निर्वाचनमा नेपाली कांग्रेसलाई बहुमत प्राप्त भयो र नेपाली कांग्रेसको सरकार गठन भयो ।

२०४८ सालमा नेपाली कांग्रेसको सरकार गठन भएपछि गणेशमान सिंहले राजनीतिक नियुक्तिहरुमा सन्तुलित, समानुपातिक र समावेशी व्यवहार अपनाउने र चुनावमा पराजित भएकालाई लाभको पदमा नल्याउने प्रस्ताव राखे । उनले उठाएका प्रश्नहरु प्रजातन्त्रमा सबै जात जातिका, सबै लिंगका, सबै धर्मका, सबै वर्गका र सबै क्षेत्रका बासिन्दाले यो मेरो व्यवस्था हो भनी आत्मसात गर्न सक्ने बनाउन आवश्यक छ भन्ने थियो । तर उनले उठाएका कुरा लागु गरिएनन् ।

गणेशमान सिंह नेपालमा प्रजातन्त्रका लागि जीवनभर अथकरुपले लागेका व्यक्ति हुन् । लोकतान्त्रिक पद्दति र संस्कारका लागि पार्टी भित्र पनि संघर्ष गरेका व्यक्तित्व हुन् । आफ्नै पार्टीको सरकार हुँदा समेत उनले उठाएका गम्भीर विषयहरुलाई अमल गरिएन । यसरी उनको जीवनको उत्तरार्धमा नेपाली कांग्रेस भित्र आन्तरिक विग्रह सृजना भयो । सोही आन्तरिक विग्रहका कारण उनको मन दुख्यो । त्यसबाट उनी असन्तुष्ट भई २०५१ भाद्र ३१ गते पार्टी परित्याग गरी उनी पार्टीबाट अलग भए । अन्तमा वि.सं २०५४ असोज २ गते उनको मृत्यु भयो ।

### विद्दत वर्गको नजरमा गणेशमान सिंह :

१. कट्टर सिद्धान्तवादी, प्रजातन्त्रका अथक योद्धा, वरिष्ठ प्रजातन्त्रवादी नेता, प्रखर राष्ट्रवादी, महान देशभक्त, जननेता, आर्थिक क्रान्तिका पक्षधर तथा व्यवहारिक राजनेता ।

२. उहाँको बानी व्यहोरा अत्यन्त सरल थियो । साथसाथै उहाँ अत्यन्त कठोर पनि हुनु हुन्थ्यो (डेढ वर्षसम्म कसैलाई भेट्नु भएन) । आफ्नो काम आफैं गर्नुपर्छ भन्ने कुरा व्यवहारमै उतार्नु हुन्थ्यो । उहाँ अरुको दुःख देख्न नसक्ने, त्यस्तालाई सकेको सहयोग गर्ने गर्नु हुन्थ्यो । राजनीतिक सिद्धान्त र आदर्शप्रति उहाँको कडा अडान थियो । उहाँले २०४६ सालपछि आर्थिक क्रान्ति गर्नु पर्छ र समाजमा अवसर नपाएकालाई अवसर दिनुपर्छ भन्नु हुन्थ्यो । ठुलो मान्छे हुनका लागि दृढ निश्चयी हुनु पर्छ भन्ने कुरा उहाँबाट सिक्न सकिन्छ ।

३. लोकतन्त्रका जाज्वल्यमान तारा, नेपालमा लोकतान्त्रिक आन्दोलनका इतिहास निर्माता, सर्वमान्य राजनेता । साहस, वीरता र इमान्दारिबाट बनेको उहाँको जीवन आजको पुस्ताका लागि प्रेरणादायी छ । उनी प्रजातन्त्र बहाली र पुनर्बहालीका लागि संघर्षका हिसावले वी.पी. कोइराला भन्दा बढी अवधिसम्म समर्पित, सैद्धान्तिक हिसावले वी.पी. का कट्टर समर्थक थिए ।

४. गणेशमान सिंह नसोची कहिल्यै नबोल्ने र बोली सकेपछि त्यसैमा टिक्नु हुन्थो ।

५. गणेशमान सिंहको व्यक्तित्वका आयामः स्पष्टवादिता, निर्भिकता, साहसिक र निस्वार्थ । प्रजातन्त्रप्रति अविचलित आस्था र विश्वास (गुण), आदर्श मूल्य, मान्यतामा आधारित राजनीतिक संस्कार र संस्कृति बसाल्न समर्पित नेता, जनतालाई भरोसा गर्न र भरोसा दिलाउन जानेका कर्मयोगी नेता ।

६. नेपालको राजनीतिक एकीकरण गर्ने पृथ्वी नारायण शाह, नेपाललाई भाषागत रुपमा एकीकरण गर्ने आदिकवि भानुभक्त आचार्य र प्रजातान्त्रिक रुपले एकीकरण गर्ने महापुरुष मध्येका एक गणेशमान सिंह हुनुहुन्छ ।

७. गणेशमान सिंहको जीवन त्यागको पर्यायवाची हो । उनको आर्थिक क्रान्ति महंगीमा राहत र रोजगारी, भष्टाचार र गरिबीको अन्त्य, दीर्घ जलस्रोतको सदुपयोग, कृषि क्षेत्रको विकास, उत्पादनमा बृद्धि र न्यायोचित वितरण ।

८. गरिब, कमजोरले पनि राज्यलाई आफ्नो ठान्ने व्यवस्था स्थापित होस् भन्ने ठान्थे गणेशमान । राजनीतिकर्मीहरु तुच्छ र अदूरदर्शी भएपछि जनताले सकस भोग्नु पर्छ । अहिले भोग्नु परेको गरिबी, अशान्ति र विखण्डनको कारक राजनीतिक नेतृत्वको कमजोरी नै हो ।

९. गणेशमानको विकास मोडल समानुपातिक र समावेशी अर्थात सामाजिक अभियान्त्रीकरण थियो ।

**उपसंहार**: नेपाली कांग्रेसको आदर्श, मूल्य र मान्यता राष्ट्रियता, लोकतन्त्र र समाजवाद रही आएको तथ्य सर्वविदित नै छ । नेपाली कांग्रेसले यिनै आदर्श मूल्य र मान्यताका आधारमा न्यायपूर्ण गतिशील र समतामूलक समाजको स्थापना गर्ने, नेपाललाई सभ्य, सुखी र सम्पन्न रुपमा स्थापित गर्ने प्रतिवद्धताका विषय दस्तावेजहरुमा उल्लेख गरेको छ । वर्तमानमा एकातिर आँफूले सिन्को नभाँच्ने पूर्वजहरुले गरेको कार्यको व्याजमा रमाउने प्रवृत्ति हावी भएको छ भने अर्कोतर्फ गुटबन्दीको विजारोपण नराम्रोसँग मौलाएको पाइन्छ । नेतृत्वबाट यस्तो बिग्रहलाई सम्बोधन गरी पार्टीलाई एकताबद्ध र सुसंगठित गराउनेतर्फ आवश्यक पहल गरिनु पर्ने हो । हालका नेतृत्व तहबाट त्यस प्रकारको ठोस पहल गरिएको पाइन्न । गरिएका भए के कस्ता कार्यहरु गरिए वा गरिँदै वा गर्न लागिएको छ ? सो विषय जनसमक्ष स्पष्ट आउनु जरुरी छ ।

हुन त नेपाली कांग्रेस भित्र समय-समयमा थरी-थरीका अवसरपरस्त र स्वार्थी गुट, उपगुट, समूह, उपसमूह तिव्ररुपमा सिर्जना हुने आन्तरिक विग्रहजन्य रोग साविकदेखिकै हो भन्ने तथ्य कसैबाट छिपेको छैन । स्वयम् गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई समेत यस्ता विग्रहको चपेटामा परेको दृष्टान्त छ । विधानको उद्देश्य अनुसार नेपाललाई सभ्य, सुखी र सम्पन्न तुल्याउन राजनीतिक पार्टीहरुले पार्टी भित्र आन्तरिक विग्रह सिर्जना हुन दिनु हुँदैन र सिर्जना भइहाले त्यसलाई सच्याई हाल्नु पर्ने हो । तर, त्यसो नगरी केन्द्रदेखि स्थानीय तहसम्म नेताहरु आआफ्नो गुट, उपगुटमा विभाजित भई एकले अर्कोलाई खुइल्याउने र परस्पर तानातानमा रमाउने प्रवृत्ति हावी छ । फलस्वरुप यो वा त्यो गुट उपगुटको चिरा ग्रामीण तहसम्मै देखिन्छ । यो अवस्थाले अग्रजहरुले योगदानको अवमूल्यन र शुभेच्छुक मतदाताहरुको विश्वासमा आघात हुन गएको छ । यो समस्यालाई सबै तहका नेतृत्व वर्गबाट यथोचित संवोधन हुनु जरुरी देखिन्छ ।

र अन्त्यमा वर्तमानका कांग्रेसी नेता तथा कार्यकर्ताहरुबाट वी.पी. कोइराला, गणेशमान सिंह एवम् कृष्ण प्रसाद भट्टराईको त्याग, समर्पण, आदर्श र उनीहरुको योगदानको कदर हुन नसकेको विषय मुखरित भएको छ । गणेशमान सिंहको जन्मजयन्तीका अवसरमा वर्तमानका नेतृत्व वर्गलाई अग्रजहरुको योगदानलाई कदर गर्न, उनीहरुकै आदर्श, मूल्य, मान्यता र सिद्धान्तमा आधारित उद्देश्यमूलक राजनीतिको माध्यमबाट नेपाल र नेपालीलाई सवल, सुखी र सम्पन्न तुल्याउने दिशामा अग्रसर हुने प्रेरणा मिलोस । अस्तु ।

# कमाने एकेडेमी/बाल-साहित्य चौतारी

कमाने एकेडेमीका विद्यार्थीको शैक्षिक भ्रमणका क्रममा खिचिएका तस्वीरहरू ।







## विद्यालयको पठनपाठन सुचारु हुने सम्बन्धि सूचना !

यहि मिति २०८१/०७/२५ गते आइतबारदेखि यस कमाने एकेडेमी विद्यालयको बिहानी कोचिङ कक्षा लगायत नियमित पठनपाठन समेत सुचारु हुने सम्पुर्ण शिक्षक/शिक्षिका, विद्यालय कर्मचारी र अभिभावकज्युहरु सम्पुर्णमा जानकारी गराइन्छ । विद्यार्थीलाई साथ, सहयोग र सहकार्यका लागि सबै पक्षलाई आग्रह समेत गर्दछौं ।

**विद्यालय प्रशासन**
**कमाने एकेडेमी**
**हेटौंडा-८, कमाने**

### चैनपुर जेसीज फुटबल

# जनसिद्ध युवा क्लब विजयी



*बल नियन्त्रणमा लिने प्रयास गर्दै खेलाडी ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा जारी दोस्रो संस्करणको चैनपूर जेसीज खुल्ला फुटबल प्रतियोगितामा जनसिद्ध युवा क्लब विजयी भएको छ । चैनपुर जेसीज मनहरीको आयोजनामा मनहरी-४, मसिनेस्थित गोलघर खेल मैदानमा शनिबार भएको खेलमा हाँडीखोला युथ क्लबलाई टाइब्रेकरमा ४-२ गोलले हराउँदै जनसिद्ध युवा क्लब विजयी भएको हो ।

निर्धारित समय १-१ गोलको बराबरीमा रोकिएपछि नतीजाका लागि टाइब्रेकरको साहारा लिनुपरेको थियो । जनसिद्धको तर्फबाट मिसन लामाले खेलको १५ औं मिनेटमा एक गोल गरेका थिए भने हाँडीखोलाका सुजन राईले १८ मिनेटमा गोल गर्दै खेललाई बराबरीमा ल्याएका थिए । दुबै टिमका ५-५ जना खेलाडीहरुले बल प्रहार गर्दा जनसिद्धका युवाका ४ खेलाडीको प्रहार गोलमा परिणत भएको थियो भने १ जनाको प्रहार गोलमा परिणत भएको थिएन । यस्तै हाँडीखोलाका ५ जना खेलाडीहरुले बल प्रहार गर्दा ३ जनाको प्रहार मात्र गोलमा परिणत हुन पुगेको थियो ।

गाउँपालिका ४ नम्बर वडाको मुख्य सहयोगमा शुक्रबारबाट प्रतियोगिता सुरु भएको हो । प्रतियोगिता अन्तर्गत आइतबार पहिलो खेलमा सक्षम युवा क्लब र एफसी ढिडोबीच प्रतिस्पर्धा गर्नेछ भने दोस्रो खेलमा एफसी परेली र टिएनटी मनहरीबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको विजेताले एक लाख एक हजार १११ रुपैयाँ र उपविजेताले ५१ हजार १५१ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ७ हजार ५ सय रुपैयाँ तथा अन्य विधागत उत्कृष्टले जनही नगद ३ हजार ५ सय रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा १६ वटा टिमहरुको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल मंसीर ३ गते हुनेछ । गत वर्ष भएको पहिलो संस्करणको प्रतियोगिताको उपाधि प्रदेश प्रहरी गणको टिमले उपाधि जितेको थियो ।

# भलिबल उपाधिका लागि थाहा-२ र आयोजक भिड्ने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगरपालिकामा जारी थाहा-कैलाश पालिकास्तरीय अन्तर वडा मैत्रीपूर्ण भलिबल खेलमा उपाधि लागि आइतबार थाहा नगरपालिका २ नम्बर वडा र आयोजक सल्ले राम्चे युवा क्लब 'ए' टिमबीच प्रतिस्पर्धा हुनेछ । थाहा नगरपालिकाको डाँडावासमा शनिबार सम्पन्न भएको सेमीफाइनल खेलमा थाहा नगरपालिका ५ नम्बर वडालाई ३-० को सेटले हराउँदै २ नम्बर वडा फाइनलमा प्रवेश गरेको छ भने थाहा-७ को सशक्त रातो क्लबलाई ३-२ को सेटले हराउँदै आयोजक 'ए' सल्ले राम्चे युवा क्लब फाइनलमा प्रवेश गरेको छ ।

थाहा ५ लाई थाहा २ ले क्रमशः २५-११, २५-१७ र २५-११ को सेटले पराजित गरेको छ । यस्तै दोस्रो सेमीफाइनल खेलमा पहिलो सेटमा २५-१५ ले जित निकालेको आयोजक दोस्रो सेटमा १७-२५ को सेटमा पराजित हुनुपरेको थियो । तेस्रो सेटमा आयोजकले सशक्त रातोलाई २५-१९ को सेटले पराजित गरेको पनि चौथो सेटमा १५-२५ ले पराजित हुनु परेको थियो । तर पाचौं तथा अन्तिम सेटमा फाइनलमा प्रवेश गर्ने होडमा आयोजकले सशक्तलाई १५-१० ले सहजै पराजित गरेको थियो । प्रतियोगितामा २० वटा टिमहरुको सहभागिता रहेको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ५१ हजार एक सय ५१ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ३१ हजार एक सय ३१ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै प्रतियोगिताको तृतीय स्थानमा पर्ने टिमले १४ हजार १ सय १३ रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको विधागत खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको आयोजकले जानकारी दिएको छ । थाहा नगरपालिका ७ नम्बर वडाको मुख्य सहयोगमा प्रतियोगिता सञ्चालन भएको बताइएको छ ।

### यू-१९ महिला टी-२० विश्वकप छनोट

# युएईसँग नेपाल १३ रनले पराजित

काठमाडौंः आईसीसी यू-१९ महिला टी-२० विश्वकप एसिया छनोटमा नेपाल घरेलु टोली युएईसँग १३ रनले पराजित भएको छ । दुबईमा शनिबार भएको खेलमा १२३ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर १०९ रन मात्र बनाउन सक्यो । कप्तान पुजा महतोले सर्वाधिक ४८ रन बनाए पनि नेपाललाई जिताउन सकिनन् ।

१९औं ओभरमा आउट भएकी पूजाले ४३ बल खेल्दै ५ चौका मद्दतमा ४८ रन जोडिन् । अन्य खेलाडीले उल्लेख्य रन जोड्न सकेनन् । सोनी पाख्रिनले २३ बलमा १९ र ओपनर साना प्रविनले ३४ बलमा १९ रन बनाए । ज्योत्सनिका मरासिनी ११ रनमा अविजित रहिन् । युएईका लागि इन्दुजा नान्दाकुमार, लावान्य केनी र मेहक ठाकुरले १-१ विकेट लिए ।

टस जितेर पहिले ब्याटिङ गरेको घरेलु टोली यूएईले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १२२ रन बनाएको थियो । यूएईका लागि रिनिथा रञ्जितले ३३ बलमा ५ चौका र २ छक्कासहित सर्वाधिक ४८ रन बनाइन् । त्यस्तै लावन्या केनीले २० रन जोडिन् । नेपालका लागि रिया शर्माले ४ ओभरमा १५ रन दिएर ३ विकेट लिइन् भने पूजा महतो, क्रिस्मा गुरुङ र सीमा केसीले एक/एक विकेट लिए ।

बुधबारदेखि सुरु भएको प्रतियोगितामा नेपालले पहिलो खेलमा थाइल्याण्डलाई ६७ रन तथा दोस्रो खेलमा कुवेतलाई १०८ रनको फराकिलो अन्तरले हराएको थियो । चार टोली सम्मिलित छनोट प्रतियोगितामा लगातार ३ खेल जितेर ६ अंकसहित यूएई शीर्ष स्थानमा छ । पहिलो हारपछि नेपाल ४ अंकसहित दोस्रो स्थानमा छ । डबल राउण्ड रोबिनका आधारमा सञ्चालन हुने प्रतियोगिताको शीर्ष स्थानमा रहने टोली अर्को वर्ष फेब्रुअरीमा मलेसियामा हुने विश्वकपमा छनोट हुनेछ । नेपालले आफ्नो चौथो खेल आइतबार थाइल्याण्डसँग खेल्नेछ । स्रोतः *(अनलाइनखबर)*

**•पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।**
**•जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं ।**
**•ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं ।**
समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

# २३ जनाले गरे रक्तदान



समाज संवाददाता

हेटौंडाः ब्लड डोनर्स एशोसिएशन नेपाल (ब्लोदान) मकवानपुर शाखाको आयोजनामा भएको रक्तदान कार्याक्रममा २३ जनाले रक्तदान गरेका छन् । शनिबार बिहान हेटौंडा-१०, बुद्धचोकमा भएको कार्यक्रममा ३ जना महिला र २० जना पुरुषले रक्तदान गरेको रक्तसंचार केन्द्रका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो ।

रक्तदान कार्यक्रममा रक्तसंचार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो । केन्द्रमा अहिले 'ए' पोजेटिभ र गतको अभाव रहेको छ भने बाँकी समुहको रगत केन्द्रमा अभाव नरहेको प्राविधिक सापकोटाले जानकारी दिनुभएको छ ।

# शान्तिपथ टोलको साधारणसभा

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५, अब्बलडाँडास्थित शान्तिपथ टोल विकास संस्थाको १२ औं अधिवेशन तथा २३ औं वार्षिक साधारणसभा शनिबार भएको छ । संस्थाका अध्यक्ष अभिमन्यु गौतमको सभाध्यक्षता तथा वडाध्यक्ष सुशील घिमिरेको प्रमुख आतिथ्यमा साधारणसभाको उद्घाटन कार्यक्रम भएको हो ।

साधारणसभामा संस्थाका अध्यक्ष अभिमन्यु गौतमले प्रगति प्रतिवेदन प्रस्तुत गर्नु भएको छ । कार्यक्रममा संस्थाकी उपाध्यक्ष एवम् वडा सदस्य रन्जिता सिलवालले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रममा वडाका विभिन्न संघसंस्थाका अध्यक्ष एवम् प्रतिनिधि तथा टोलविकास संस्थाका सदस्यहरुको उपस्थिति रहेको थियो । संस्थाकी कोषाध्यक्ष रजनी पौडेलले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

टोल विकास संस्थासँग कुल १ करोड १३ लाख ९६ हजार रुपैयाँ मौज्दात रहेको छ । कार्यक्रममा संस्थामा आवद्ध ज्येष्ठ नागरिक सम्मान, एसईईमा उत्कृष्ट जिपिए लाउने विद्यार्थीहरु, संस्थामा उत्कृष्ट बाल बचतकर्ता, असल कारोबारीलाई सम्मान गरिएको छ । साधारणसभाबाट पुनः अभिमन्यू गौतमको अध्यक्षतामा नयाँ समिति चयन गरिएको छ । साधारण्सभाबाट उपाध्यक्षमा भूमिनन्द गौतम, सचिवमा रजनी पौडेल चयन हुनुभएको छ ।

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# बोलेरोको ठक्करबाट साईकल चालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-५, नयनचोकमा बोलेरो जीपले साईकललाई ठक्कर दिँदा साईकल चालकको मृत्यु भएको छ । शुक्रबार दिउँसो १२ बजेको समयमा ना ४ च ६९५१ नम्बरको बोलेरोले साइकललाई ठक्कर दिँदा साइकल चालक पर्सा जिल्लाको सखुवापर्सौनी गाउँपालिका-४ घर भई हाल नवलपुर जिल्लाको गैंडाकोट नगरपालिका-५ मा डेरा गरी बस्ने १७ वर्षीय इशान अन्सारीको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

बोलेरोको ठक्करबाट अन्सारी गम्भिर घाइते भएका थिए । घाइते अन्सारीलाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा १२ बजेर २५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

बोलेरो चालक माडी नगरपालिका-३ का २४ वर्षीय मनोज महतोलाई जिल्ला प्रहरी कार्यालय चितवनले नियन्त्रणमा लिएको छ ।

### कटहरिया मेयर कप क्रिकेट

# उपाधिका लागि मकवानपुर आयोजकसँग भिड्ने

समाज संवाददाता

हेटौंडाः रौटहट जिल्लाको कटहरिया नगरपालिकामा जारी मेयरकप टी-२० क्रिकेट प्रतियोगिताको फाइनलमा मकवानपुर प्रवेश गरेको छ । शनिबार कटहरियामा भएको सेमीफाइनल खेलमा जनकपुरलाई १ सय २३ रनले हराउँदै मकवानपुरले फाइनलमा आफ्नो स्थान बनाएको हो । टस हारेर पहिलो व्याटिङका लागि मैदानमा उत्रिएको मकवानपुरले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १ सय ६५ रन बनाएको थियो । मकवानपुरका शुभ कंसकारले सर्वाधिक ७१ रन बनाएका थिए । विशाल फुँयाल र सक्षमले २०/२० रनको योग्दान दिएका थिए ।

जवाफी व्याटिङमा उत्रिएको जनकपुरले १६ ओभर २ बलमा ४२ रन बनाउँदै अल आउट हुन पुगेको थियो । जनकपुरका लागि साइमन रोयले १८ रनको योगदान दिए । मकवानपुरका असीम श्रेष्ठले सर्वाधिक ४ विकेट लिए । यस्तै पिउस शर्मा र समीस चौलागाईंले समान २/२ विकेट लिए । भोलि सोमबार हुने फाइनल खेलमा मकवानपुर जिल्लाले आयोजक कटहरिया नगरपालिकाको टिमसँग प्रतिस्पर्धा गर्नुपर्ने मकवानपुरका टिम कप्तान सुमन सुनारले जानकारी दिनुभएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ५५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ३५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै विधागत उत्कृष्ट खेलाडीका लागि पनि पुरस्कारको व्यवस्था गरिएको हो । कार्तिक १६ गतेबाट सुरु भएको मेयरकप क्रिकेट प्रतियोगितामा मकवानपुर जिल्लासहित ८ वटा टिमको सहभागिता रहेको थियो ।

# गोरक्षनाथ सामुदायिक वनको वार्षिक साधारणसभा

समाज संवाददाता

हेटौंडाः गोरक्षनाथ सामुदायिक वन उपभोक्ता समूहको ३१ औं वार्षिक साधारण सभा शनिबार सम्पन्न भएको छ । शनिबार हेटौंडा-१८ हर्नामाडीस्थित गोरक्षनाथ माध्यमिक विद्यालयमा वन उपभोक्ता समूहको ३१ औं वार्षिक साधारणसभा सम्पन्न भएको हो । वन उपभोक्ता समूहका अध्यक्ष रोशन थापाको सभाध्यक्षता तथा हेटौंडा-१८ का वडाध्यक्ष अनिल कुमार बानियाँको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो । संघका अध्यक्ष थापाले वार्षिक प्रतिवेदनसँगै आयव्यय वितरण पेश गर्नुभएको थियो ।

वार्षिक कार्यक्रममा समूहभित्रका रहेको गोरक्षनाथको संरक्षण गर्न राहत स्वरुप ३ हजार रुपैयाँ दिने निर्णय गरिएको छ । २ सय ५० जनाको सहभागितामा भएको साधारण सभालाई सुन्दर दहालले सहजीकरण गर्नुभएको थियो । वन उपभोक्ता समूहलाई निरन्तर रुपमा सहयोग गर्दै आउनुभएका संस्थापक अध्यक्ष एव्म समाज सेवीहरु धमण्ड बहादुर बानियाँ, रामप्रसाद पराजुली, कुसाङ लामा, ओमभक्त भण्डारी र खेलाडी सुनिल घलानलाई सम्मान गरिएको छ । शारीरिकरुपमा अशक्त रहेका उपभोक्ता बद्री खड्का, रामकृष्ण कार्की, हिरामाया लोप्चन, तिलक बहादुर सुनारलाई समूहले १/१ बोरा चामल सहयोग गरेको छ ।

कार्यक्रममा ज्योति माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक कपिल पराजुली र सल्लाहकार राजन विश्वकर्माले मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा सुनाखरी टोल विकास संस्थाका अध्यक्ष मन कुमार न्यौपाने, ज्योति सामुदायिक वन उपभोक्ताका अध्यक्ष रामबाबु खतिवडा, ज्योति मावि तथा हर्नामाडी कला प्रतिष्ठानका अध्यक्ष रम्तेल र सव-डिभिजन वन कार्यालय हर्नामाडीका रेञ्जर जमुना तिमल्सिना लगायतको उपस्थिति रहेको थियो ।




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ